बटेश्वर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बटेश्वर, धनुषा

बटेश्वर गाउँपालिका
कार्यपालिकाको कार्यालय
बटेश्वर, धनुषा
मधेश, प्रदेश

मधेश प्रदेश, नेपाल

प.सं. २०७९।०८०
च.नं.

मिति : २०७९।०९।०६

## महिला उद्यमी तथा महिला उद्यमी समूहलाई प्रविधि सहयोग उपलब्ध गराउने सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति २०७९।०९।०६)

नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका चालु आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत मधेश प्रदेशबाट वीस जना महिला उद्यमी (व्यक्तिगत) तथा एक महिला उद्यमी समूहलाई प्रविधि सहयोग उपलब्ध गराउने कार्यक्रम रहेको छ । प्रविधि सहयोग लिन इच्छुक महिला उद्यमी तथा महिला उद्यमीहरुको समूहले **यहि पौष १५ गते** भित्र यस गाउँपालिकाको कार्यालयमा देहाय बमोजिमका कागजात सहित निवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**महिला उद्यमी तथा महिला उद्यमी समूहले निवेदन साथ पेश गर्नुपर्ने कागाजतहरु:**

क) उद्योगी/व्यवसाय दर्ता वा दर्ता नवीकरणको प्रमाणपत्रको प्रतिलिपी १ थान
ख) स्थायी लेखा नम्वर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी १ थान
ग) कर दाखिला गरेको प्रमाणपत्र वा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी १ थान
घ) आवश्यकता अनुसार व्यवसायिक इजाजत पत्रको प्रतिलिपी १ थान
ङ) व्यवसायिक योजना
च) माग गरेको प्रविधि र सो प्रविधिको क्षमता ।

सन्तोष कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

**विस्तृत जानकारीका लागि सम्पर्क:**
विजय कुमार महतो (उद्यम विकास सहजकर्ता) फोन नं. ९८४४१३६०८७ ९८१९८२४४२९
यमुना घिमिरे (उद्यम विकास सहजकर्ता) फोन नं. ९८१५७३९४४१

**बोधार्थ:**

श्री सूचना प्रविधि शाखा,
बटेश्वर गाउंपालिका, धनुषा : वेवसाइटमा अपलोड तथा वडा कार्यालयहरुलाई इमेल मार्फत जानकारी गराउनुहुन ।

श्री वडा कार्यालय सबै
बटेश्वर गाउंपालिका, धनुषा : सूचना पाटी तथा सार्वजनिक स्थलहरुमा टाँस गरी प्रचार प्रसार गर्नुहुन ।

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं

## महिला उद्यमी तथा महिला उद्यमी समूहलाई प्रविधि सहयोग उपलब्ध गराउने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७९ पुस १ गते शुक्रबार)

यस मन्त्रालयको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत प्रत्येक प्रदेशबाट एक महिला उद्यमी समूह र तीन जना महिला उद्यमीहरूलाई प्रविधि सहयोग उपलब्ध गराउने कार्यक्रम रहेको छ। महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ४ बमोजिम इच्छुक महिला उद्यमी र महिला उद्यमीहरूको समूहले यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र प्रविधि सहयोगका लागि सम्बन्धित स्थानीय तहमा देहायका कागजात सहित निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

**देहाय :**

**महिला उद्यमी र महिला उद्यमी समूहले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरू:**

(क) उद्योग/व्यवसाय दर्ता वा नवीकरणको प्रमाणपत्र,

(ख) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र,

(ग) कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्र,

(घ) आवश्यकता अनुसार व्यावसायिक इजाजत-पत्र,

(ङ) व्यावसायिक योजना,

(च) माग गरेको प्रविधि र सो प्रविधिको क्षमता।

सम्बन्धित स्थानीय तहले प्रविधि सहयोग माग गरी दिएका निवेदनहरू साथ संलग्न कागजातहरूको आधारमा कार्यविधिको दफा ७ बमोजिम एक जना महिला उद्यमी र एक महिला उद्यमी समूह छनोट गरी निवेदन दिने समय (म्याद) समाप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित प्रदेशको महिला सम्बन्धी विषय हेर्ने मन्त्रालयसमक्ष सिफारिस गरी पठाउनुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै, महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ मन्त्रालयको वेबसाइट : www.mowcsc.gov.np मा हेर्न सकिने व्यहोरा समेत अनुरोध छ।

**नोट : ७५३ वटै स्थानीय तह र सातै प्रदेशको उल्लिखित मन्त्रालयले यसै सूचनालाई आधार मानी महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम कार्य सञ्चालन गर्न गराउनुहुन महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अनुरोध गर्दछ।**

**स्थानीय तहमा निवेदन दिने समय (म्याद) समाप्त हुने मिति : २०७९ साल पुस १५ गते कार्यालय समयभित्र।**

CamScanner